नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

पत्र संख्याः ०७५/७६
चलानी नं. १३६६

कर्मचारी प्रशासन शाखा

मितिः- २०७६।०२।२८

विषय - **सरुवा कार्यान्वयन सम्बन्धमा ।**

**श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,**
**(सबै)**

निजामती सेवा ऐन र नियमावली अनुसार यस कार्यालयले नेपाल प्रशासन, सेवा, लेखा समूहको कर्मचारीहरुको सरुवा व्यवस्थापन गर्दै आएको व्यहोरा अवगतै छ। सो अनुसार भए गरेका सरुवाहरु कार्यान्वयन नभैरहेका गुनासाहरु यस कार्यालयमा प्राप्त भै रहेकोले देहाय अनुसार गर्नु गराउनु हुन मिति २०७६।०२।२८ को निर्णयानुसार अनुरोध छ ।

१. संघमा समायोजन भएका र स्थानीय तहको आर्थिक कारोवार संचालनका लागि जिम्मेवारी दिइएका लेखा समूहका कर्मचारीहरुलाई तत् स्थानीय तहको आर्थिक कारोवार संचालन का लागि वैकल्पिक व्यवस्था नभएसम्म चालु आर्थिक वर्षका लागि सोही जिम्मेवारीमा राखी राख्ने।
२. संघमा समायोजन भएका लेखा समूहका कर्मचारीहरुलाई (स्थानीय तहको आर्थिक कारोवार संचालनको जिम्मेवरी दिएकाहरु वाहेक) सरुवा गरिएको वा कामकाज गर्न खटाइएकोमा अनिवार्य रुपमा त्यस्तो सरुवा कार्यान्वन गर्नु गराउनु हुन ।
३. बुँदा २ अनुसार सरुवा भएका वा काम काज गर्न खटाइएका लेखा समुहका कर्मचारीहरु सरुवा निर्णय भएको मितिले २१ दिन भैसक्दा पनि रमाना भै नगएको रहेछ भने निज आर्थिक प्रशासन प्रमुखको जिम्मेवारीमा रहेको भएमा त्यस्तो कारोवार कोष तथा लेखा नियन्त्रक कार्यालयको तर्फबाट अनिवार्य रुपमा रोक्का गर्नुहुन । आर्थिक प्रशासन प्रमुख वाहेकको जिम्मेवारीमा रहेको भएमा अनिवार्य रुपमा रमाना गर्नु गराउनु हुन भनी सम्बन्धित कार्यालयलाई जानकारी गराउनु हुन ।
४. उपरोक्त अनुसार त्यस कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यक्षेत्र अन्तर्गतका निकायहरुमा सरुवा कार्यान्वयन नभएको अवस्था नरहेको सुनिश्चितता सहितको प्रतिवेदन २०७६ असार ०७ गते भित्र अनिर्वाय रुपमा यस कार्यालयमा गर्नुहुन ।


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

पत्र संख्याः ०७५/७६
चलानी नं.

कर्मचारी प्रशासन शाखा

मितिः- २०७६।०२।२८

५. यस अनुसारको कार्यान्वयन अवस्थालाई कोष प्रमुखहरुको वार्षिक कार्यसम्पादन मूल्याङ्कन र कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यसम्पादन मूल्याङ्कनमा प्रत्यक्ष रुपमा आवद्ध गरिने ।

६. माथि उल्लेख गरिएको अवस्था भन्दा वाहिर गै आर्थिक कारोवार संचालनको अनुमति प्रदान भएको पाइएमा सम्बन्धित कोष प्रमुख स्वयं जिम्मेवार हुनुपर्ने।

७. आर्थिक कारोवार संचालन एंव जनशक्ति व्यवस्थापन सम्बन्धी अन्य कुराहरुको सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयबाट यस अघि गरिएका परिपत्रहरु र कोष तथा लेखा नियन्त्रक कार्यालय संचालन सम्बन्धी निर्देशिका अनुसार गर्नु गराउन हुन ।

(डिलाराम लम्साल)
लेखा अधिकृत

**वोधार्थ:**

श्री महालेखा नियन्त्रक कार्यालय,

मानव श्रोत व्यवस्थापन महाशाखा :- कोलेनिकको कार्य सम्पादन मूल्याङ्कनका क्रममा सरुवा कार्यान्वन अवस्थालाई समेत सुचकमा राखी अंकभार प्रदान गर्ने व्यवस्था भै दिन ।

श्री महालेखा नियन्त्रक कार्यालय,

सूचना प्रविधि शाखा :- यस परिपत्र वेबसाइडमा राखिदिनुहुन ।


अनामनगर, काठमाण्डौं, फोनः ०१-४७७१२९०, ४७७१२९३, फ्याक्सः ०१-४७७१२९१
E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np